गैरआवासीय नेपाली संघ

# राष्ट्रीय समन्वय परिषद - बेल्जियम

# सहमति-पत्र

आज मिति मे ५, २०२६ मंगलबार, गैरआवासीय नेपाली संघ राष्ट्रीय समन्वय परिषद बेल्जियममा बिगत करिब १ बर्ष देखि देखिएको असझदारी, बिबाद र संस्थागत बिभाजन सम्मको दुखद परिघटनाहरुलाई हृदयंगम गरी गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटीका अध्यक्ष डा हेमराज शर्माको प्रमुख आतिथ्यता तथा उपाध्यक्षद्वय रामशरण सिमखडा र लोक प्रसाद दाहाल, महासचिब डा चिरन्जिबी खड्का, उपमहासचिब अनुजा प्रधान तथा पूर्ब केन्द्रीय उपाध्यक्ष अर्जुन कुमार श्रेष्ठ लागायत बेल्जियमका पूर्ब अध्यक्षज्यूहरु सहित बिभिन्न सामाजिक अभियन्ताहरु समेतको बिषेश उपस्थितीमा बृहद एकताको भावनालाई सफल बनाउन तपशिल बमोजिमको बुंदाहरुमा सहमति गरियो ।

१. गैरआवासीय नेपाली संघ राष्ट्रीय समन्वय परिषद बेल्जियममा हाल कार्यरत दुबै कमिटीलाई मर्ज (एकिकृत) गर्दै आगामी अक्टोबर ११, २०२६ सम्म अध्यक्ष श्री कमल पन्थीले अध्यक्षता गर्ने (कार्यकारी अध्यक्ष), अर्का अध्यक्ष श्री लोकेन्द्र नेपालले बैठकहरुमा सहभागी हुंदै कार्यकारी अध्यक्षलाई सहयोग गर्ने । अक्टोबर ११, २०२६ पश्चचात लोकेन्द्र नेपाल स्वत: अध्यक्ष हुंदै नेतृत्व लिने सहमति गरियो। अध्यक्ष कमल पन्थीको कार्यकाल समाप्ती पश्चात स्वत: निवर्तमान अध्यक्षको रुपमा रहने समेत सहमति गरियो।

२. एकिकृत समितिका अन्य पदाधिकारी तथ सदस्यहरुको सन्दर्भमा एकल पदहरुमा रहेका मध्ये एकलाई सोही पद र अर्कोलाई आवश्यकता अनुसार समन्वय गर्ने सहमति गरियो। बहुपदको सवालमा निरन्तरता दिन ईच्छुक मित्रहरुलाई सोही पदमा रहीरहने समेत सहमति गरियो ।

३. बृहद छलफल पश्चात MIS प्रणालीबाट सदस्यता बनी (सदसस्यता संख्या ६१६) केन्द्रमा आवश्यक शुल्क समेत अध्यक्ष लेकेन्द्र नेपालले पठाई सकेको अवस्था हो भने लोकल पोर्टलबाट बनेको ९७८ समेतलाई एकिकृत गर्दै पंजिकृत सदस्य संख्या ९७८ को केन्द्रीय बक्यौता US डलर ४,८९० शुल्क मे, २०२६ सम्म अध्यक्ष कमल पन्थीको जिम्मामा रहेको कोषबाट पठाउने सहमति गरियो ।

४. बेल्जियमको कानूनत दर्ता गरिएको NRNA VZW मा कमल पन्थी र सबिन न्यौपानेको नाम थप गर्ने सहमति गरियो।

५. संस्थाको स्थानिय बिधानत: जुलाई भित्र गर्नु पर्ने साधारण सभा यथाशिघ्र गर्दै यस दस्ताबेज र यसमा उल्लेखित बुंदाहरुलाई अनुमोदन गराउने निर्णय समेत गरियो । अन्तमा: गैरआवासीय नेपाली अभियानमा सहभागी भै यस एकताको भावनालाई सकारात्मक रुपमा ग्रहण र प्रबर्धन गर्ने सम्पूर्ण बेल्जियम निवासी समुदायलाई हार्दिक धन्यबाद समेत ज्ञापन गरियो।

धन्यबाद ।

कमल पन्थी
अध्यक्ष

लोकेन्द्र नेपाल
अध्यक्ष

साछीहरु:

डा हेमराज शर्मा – अध्यक्ष गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटी
रामशरण सिमखडा – उपाध्यक्ष गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटी
लोक प्रसद दाहाल – उपाध्यक्ष गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटी

डा चिरन्जिबी खड्का – महासचिब गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटी
अनुजा प्रधान - उपमहासचिब गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटी
अर्जुन कुमार श्रेष्ठ – पूर्ब उपाध्यक्ष गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटी
सन्तोष कुमार भट्टराई – पूर्ब क्षेत्रीय संयोजक यूरोप गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटी
सन्तोष कुमार जोशी – पूर्ब आईसीसी सदस्य गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटी
खड्क व केसी – पूर्ब अध्यक्ष गैरआवासीय नेपाली संघ बेल्जियम
सुबास गुरुङ – सभापति जन सम्पर्क समिति बेल्जियम
बिनोद न्यौपाने – अध्यक्ष प्रवासी नेपाली मंच बेल्जियम
तिर्थराज धमला – पूर्ब उपाध्यक्ष गैरआवासीय नेपाली संघ बेल्जियम
दिपक रावत – महासचिब गैरआवासीय नेपाली संघ बेल्जियम
घनश्याम काफ्ले – पूर्ब उपाध्यक्ष गैरआवासीय नेपाली संघ बेल्जियम
छत्र अधिकारी - पूर्ब आईसीसी सदस्य गैरआवासीय नेपाली संघ अन्तराष्ट्रीय कमिटी
संघर्षशिल केसी – पूर्ब बरिष्ठ उपाध्यक्ष गैरआवासीय नेपाली संघ राष्ट्रीय समन्वय परिषद नेदरल्याण्ड